मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

वागमति प्रदेश, नेपाल

फोन.नः ०४८-५४०११२

०४८-५४०५९८

# सूचना ! सूचना !! सूचना !!!

## (लेखौं ! भोलिको भविष्य लेखनमा बनाऔं !!)

मन्थली नगरपालिकाले विक्रम सम्वत् २०८० साल बैशाखदेखि **'मन्थली कोपिला'** नामको मासिक बाल पत्रिका प्रकाशन गर्न मन्थली नगरपालिकासँग मिति २०७९/१०/०९ मा सम्झौता भए बमोजिम कार्यारम्भ गरिसकेकाले सोका लागि कक्षा : ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरूले आफूलाई मन पर्ने शीर्षकहरूमा बालकथा, बालकविता, बालगीत, बालगजल, सामान्य ज्ञान, रोचक संसार, विचित्र विश्व वा नयाँ शीर्षकमा रोचक ससाना लेख रचना वा धार्मिक तथा पर्यटकीय 'स्थान परिचय' लेखेर पठाउनु हुन अनुरोध छ ।

रचनाहरू कविता भए २०० शब्द सीमा र अन्य रचनाहरू भए करिब ७०० शब्द सीमाभित्र रही लेखेर तलको ठेगाना वा इमेलमा पठाउनु हुन र सो सम्बन्धी सूचना आफ्ना विद्यालयका विद्यार्थी भाइबहिनीहरूलाई समयमै दिनु हुन मन्थली नगरपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई जानकारी गराइएको छ ।

प्रकाशित रचनाका लागि पारिश्रमिकको व्यवस्था समेत गरिएको छ । रचनाको चाप भएमा प्राप्त रचनाहरू प्राथमिकताअनुसार बिस्तारै प्रकाशित हुँदै जानेछन् । संकलित रचनाहरूको स्रोत उल्लेख गर्नु होला ।

शिक्षकहरूले समेत बाल साहित्यका विविध विधामा मौलिक रचनाहरू लेख्न सक्नु हुनेछ । ती रचनाका साथमा एकप्रति लेखकको फोटोसहित राखेर इमेल पठाउन सक्नु हुनेछ । केही समयका लागि हस्तलिखित् सामग्रीलाई पनि समावेश गर्न सकिने छ ।

**अन्य सबै किसिमका थप जानकारीका लागि :**

**प्रकाश न्यौपाने, संयोजक**

**फोन : ९८४१०३६०१५ वा ०४८-५४०३४५**

**इमेल : manthali.kopila@gmail.com**